"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामुलक विकास इन्द्रसरोबरको समृद्धि"

इन्द्रसरोवर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुलेखानी, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४

च. नं.: १४६

प्रकाशित मितिः २०८३/०५/०५

विषयः शिक्षक बैंकमा सूचीकृत हुन दरखास्त पेश गर्ने सम्बन्धी सूचना।

इन्द्रसरोवर गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा शिक्षक अभाव भएको अवस्थामा अस्थायी रूपमा शिक्षक व्यवस्थापन गरी पठनपाठनलाई निरन्तरता दिने उद्देश्यले सञ्चालन गरिने शिक्षक बैंकमा सूचीकृत हुन इच्छुक देहायबमोजिमको योग्यता पुगेका उम्मेदवारहरूबाट गाउँ शिक्षा समितिको निर्णय अनुसार दरखास्त आह्वान गरिएको छ।

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता

| तह | न्यूनतम योग्यता |
|---|---|
| प्रारम्भिक बालविकास (ECD) | प्रमाणपत्र तह उत्तीर्ण |
| आधारभूत तह (कक्षा १–५ ) | प्रमाणपत्र तह उत्तीर्ण |
| आधारभूत तह (कक्षा ६–५ ) | सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण |
| माध्यमिक तह (कक्षा ९–१०) | सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण |
| माध्यमिक तह (कक्षा ११–१२) | सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण |

२. शिक्षक बैंकमा सूचीकृत व्यक्तिको कार्यविवरण

शिक्षक बैंकमा सूचीकृत शिक्षकलाई गाउँपालिका अन्तर्गतका कुनै विद्यालयमा कार्यरत शिक्षक बिदामा बसेको अवधिमा आवश्यकताअनुसार सम्बन्धित विद्यालयमा खटाई शिक्षण कार्य गर्नुपर्नेछ।

३. पेश गर्नुपर्ने कागजातहरू

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ख. गाउँपालिकाले तोकेको दरखास्त फाराम।

ग. शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धाङ्कपत्रको प्रतिलिपि।

घ. अध्यापन अनुभवसम्बन्धी प्रमाणपत्र भए सोको प्रतिलिपि।

४. सेवा सुविधा : शिक्षक बैंकमा सूचीकृत भई आवश्यकता अनुसार विद्यालयमा खटिएर कार्य गरेको अवधिको सेवा सुविधा कार्यविधिमा तोकिएबमोजिम हुनेछ।

५. अन्य व्यवस्था

क. शिक्षक बैंकमा सूचीकृत हुँदैमा नियमित शिक्षक पदमा नियुक्ति भएको मानिने छैन।

ख. विद्यालयको आवश्यकता, शिक्षकको तह/विषय तथा उपलब्धताको आधारमा गाउँपालिकाले शिक्षकलाई विद्यालयमा खटाउन सक्नेछ।

३. शिक्षकले गाउँपालिकाले खटाएको विद्यालयमा तोकिएको अवधिभर नियमित रूपमा शिक्षण कार्य गर्नुपर्नेछ।

५. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानुनबमोजिम हुनेछ।

दरखास्त बुझाउने स्थानः इन्द्रसरोवर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

दरखास्त बुझाउने अन्तिम मितिः २०८३/०५/२३ गतेसम्म।

..............................

शिक्षा शाखा प्रमुख

## शिक्षक बैंकमा सूचिकृत हुनको लागि आवेदन फाराम

१. व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम, थर.................................................................... जन्म मिति .............................. | |
| स्थायी ठेगाना | प्रदेश : ............ ... जिल्ला : ......... स्थानीय तह : ....... .... वडा नं. ...... |
| अस्थायी ठेगाना | प्रदेश : ............ ... जिल्ला : ......... स्थानीय तह : ....... .... वडा नं. ...... |
| सम्पर्क नं. .................................... इमेल ठेगाना............................................ | |

२. शैक्षिक योग्यता

| क्र.सं. | शैक्षिक योग्यता | विषय/मुख्य विषय | उत्तीर्ण संस्था/विश्वविद्यालय | उत्तीर्ण वर्ष | श्रेणी/GPA |
|---|---|---|---|---|---|
| १ | एस.एल.सी./एसईई | | | | |
| २ | प्रमाणपत्र तह/+२ | | | | |
| ३ | स्नातक | | | | |
| ४ | स्नातकोत्तर | | | | |

३. तालिम

| क्र.सं. | तालिम | विषय | अवधि | प्रदान गर्ने संस्था | श्रेणी/GPA |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

४. शिक्षण तथा पेशागत अनुभव

| क्र.सं. | कार्यरत विद्यालय | पद/तह | विषय | कार्य अवधि | स्थायी/अस्थायी |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

५. शिक्षण गर्न चाहेको तह ✓ चिन्ह लगाउनुहोस्। (एक भन्दा बढी तहमा ✓ चिन्ह लगाउन सकिनेछ

- ☐ प्रारम्भिक बालविकास केन्द्र
- ☐ आधारभूत तह
- ☐ माध्यमिक तह

६. संलग्न गर्नुपर्ने कागजातहरू

- ☐ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- ☐ शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि
- ☐ विषयगत तालिम/दक्षता प्रमाणपत्रहरूको प्रतिलिपि

आवेदकको दस्तखत:............

नाम, थर : ...... ...........

मिति ......................